कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिमको कामकारोवार गर्ने

# नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

**NATIONAL MICROFINANCE BITTIYA SANSTHA LIMITED**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)
निलकण्ठ ५, धादिङ्गबेसी, धादिङ्ग, नेपाल ।
फोन नं.: ०१०–५२०७६१, ५२०८७६ फ्याक्स नं.०१०–५२०१५२
E-mail : info@nationalmicrofinance.com.np Website: www.nationalmicrofinance.com.np

को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरण-पत्र

रु.३ करोड रकम बराबरको प्रति साधारण शेयर रु.१००/–अंकित दरका ३,००,००० कित्ता (१२,००० कित्ता शेयर कर्मचारीहरुका लागि सुरक्षित गरिएको तथा १५,००० कित्ता शेयर सामुहिक लगानी कोषहरुलाई बाँडफाँड गरिएको र बाँकी २,७३,००० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको) साधारण शेयरहरुको सार्वजनिक निष्काशन ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ३.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभुत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७३/२/२४
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७३/३/३०

निष्काशन खुल्ला हुने मिति : २०७३/४/१६
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७३/४/१९
(बैंकिङ समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७३/४/३०
(बैंकिङ समय पश्चात्)

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाण्डौं
फोन नं. ४००५०८०, फ्याक्स नं. ४००५०८४
URL: www.niblcapital.com, e-mail- info@niblcapital.com

**यो विवरणपत्र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, निष्काशनकर्ता कम्पनी नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लि. को website: www.nationalmicrofinance.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

२.१.**विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआईबिएल क्यापिटल मार्केटस् लिमिटेडलाई सम्झनु पर्दछ ।

ग) **"लघुवित्त वित्तीय संस्था/संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएको संस्थालाई सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बाणिज्य बैंकहरुलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन"** भन्नाले नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडका संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र वोर्डलाई सम्झनु पर्दछ ।

२.२.**विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं । |
| २. | नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, निलकण्ठ ५, धादिङ्गबेसी, धादिङ्ग लगायत तोकिएको शाखा कार्यालयहरु |

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरु/वित्तीय संस्थाहरुमा आवेदन फारम तथा विवरणपत्र प्राप्त गर्न र आवदेन फारम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुनुअघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर विक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिनेछैन ।

**दरखास्त फारम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम रु.२/- (दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

### ३.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता लघुवित्त वित्तीय संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### ३.२.संगठित संस्थाको उद्घोषण :

**३.२.१.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**३.२.२.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लि.ले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**३.२.३.नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/ब्यबसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन ब्यबस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**३.२.४.संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस लघुवित्त वित्तीय संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र ब्यबसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।
५. यस लघुवित्त वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

### ३.३. संगठित संस्था सम्बन्धी जानकारी :

### ३.३.१. संगठित संस्थाको पृष्ठभूमी :

**(क) संस्थाको नाम** : नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लि. **(National Microfinance Bittiya Sanstha Ltd.)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय निलकण्ठ ५, धादिङ्गबेसी, धादिङ्गमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस लघुवित्त वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान निलकण्ठ ५, धादिङ्गबेसी, धादिङ्गमा रहेको छ । यो लघुवित्त वित्तीय संस्था राष्ट्रय स्तरको भएकोले आवश्यक्ता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई देशको जुनसुकै जिल्लामा शाखा खोली लघुवित्त सम्बन्धी कारोवार गर्न सक्नेछ । हाल लघुवित्त वित्तीय संस्थाले धादिङ्गको निलकण्ठ, भक्तपुरको सिपाडोल, पर्साको टेडा, रौतहटको सन्तपुर, बाराको मोतिसार, चितवनको शिवनगर, सर्लाहीको हरिपुर, महोत्तरीको गौरीबास, धनुषाको बिन्दी र धारापानी, काभ्रेपलान्चोकको उग्रतारा, सिन्धुपलाञ्चोकको खाडीचौर, सिरहाको धनगढी र फुलवरीया र मोरङ्गको सुन्दरपुर तथा कटहरीमा शाखा कार्यालयहरु स्थापना गरी आफ्नो लघुवित्त सम्बन्धी कारोवारहरु संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई थप शाखा कार्यालयहरु बिस्तार गरी लघुवित्त सम्बन्धी कारोवार गर्न सक्नेछ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मूख्य उद्देश्यहरु :**

नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लि.,कम्पनी ऐन, २०६३ बमोजिम २०७० साल कार्तिक १४ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७१ साल जेष्ठ २८ गतेका दिन नेपाल राष्ट्र बैंकबाट लघुवित्त सम्बन्धी कारोवार गर्न इजाजत प्राप्त गरी यस लघुवित्त वित्तीय संस्थाले मिति २०७१ आषाढ १८ गते दखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुमा बैंक तथा वित्तीय क्षेत्र, नेपाल सरकारको निकायहरु, सामाजिक, इन्जिनियरिङ्ग, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही लघुवित्त सम्बन्धी कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै वित्तीय सेवाबाट बञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशिल ब्यबसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने र विपन्न समुदायलाई प्राथमिकता दिने ।

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमुलक, रोजगारीमुलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने, यसो गर्दा बञ्चितिकरणमा परेका समुदायलाई प्राथमिकता दिने,

ई) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारिकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने,

उ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म)**

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : लघुवित्त सेवाहरु ।

(२) प्रयोग भएको वा गरिने प्रविधि : वित्तीय प्रविधि ।

(३) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र: लघुवित्त वित्तीय बजार ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना : लागु नहुने ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : लघुवित्त वित्तीय बजार ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : लागु नहुने ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : लागु नहुने ।

(९) गुण नियन्त्रणको लागि गरिएको ब्यबस्था : लागु नहुने ।

(१०) अनुसन्धान तथा विकास : नभएको ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान : नभएको ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण : नभएको ।

(१३) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः हालको प्रतिस्पर्धि लघुवित्त बजारमा सफलतापूर्वक आफ्नो लघुवित्त सम्बन्धी ब्यबसाय संचालन गरी नाफा कमाउन लघुवित्त वित्तीय संस्था सफल रहेको छ ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण : नभएको ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण : नभएको ।

**३.३.२. सम्पत्तिको विवरण :**

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : लागु नहुने ।

(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने ) : लागु नहुने ।

(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : लागु नहुने ।

(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण : यस लघुवित्त वित्तीय संस्थाको सम्पत्ति पुनर्मूल्याङ्कन नगरिएको हुँदा किताबी मूल्य र बजार मूल्य बीच फरक नभएको।

(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण : लागु नहुने ।

**३.३.३. भावी योजना तथा रणनिती :**

**(क) ब्यबसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**

देशमा छरिएर रहेका स–साना पूँजीलाई बचतको रुपमा आकर्षित गर्दै देशको वित्तीय एवं बैंकिङ्ग क्षेत्रमा ग्रामीण विपन्न वर्ग र सर्वसाधारणमा बैंकिङ्ग प्रणाली मार्फत सरल, शुलभ र छिटो छरितो तरिकाबाट भरपर्दो एवं गुणस्तरीय लघुवित्त सेवा प्रदान गर्ने तथा बढी भन्दा बढी ग्रामीण समुदायमा लघुवित्त सेवा विस्तार गर्ने, सेवामा विविधिकरण गर्दै जाने तथा थप सेवा विस्तार गर्दै जाने योजना यस लघुवित्त वित्तीय संस्थाको रहेको छ । ग्राहक महानुभावहरुको सेवा र सामाजिक उत्तरदायित्व समेतलाई ध्यानमा राखी लघुवित्त वित्तीय संस्थाको मुनाफा बृद्धि गरी शेयरधनीहरुलाई उचित प्रतिफल वितरण गर्दै लैजाने यस लघुवित्त वित्तीय संस्थाको भावी योजना रहेको छ । साथै लघुवित्त वित्तीय संस्थाको अन्य भावी योजनाहरु देहाय वमोजिम रहेकोछ :

- भविष्यमा सर्वसाधारणहरुमा साधारण शेयर जारी गरी यस लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि गरी १० करोड पुर्‍याउने ।
- निक्षेपको लागत कम गरी बचतको अधिकतम परिचालन गर्न नयाँ योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- समग्र कर्जाको गुणस्तरलाई उच्चस्तरमा राख्ने र कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।
- लघुवित्त सेवाहरु विस्तार गर्दै लैजाने ।

लघुवित्त कारोबार गर्ने वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम, देशको राजनैतिक परिस्थितिबाट आउन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको वित्तीय नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु, देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु तथा लघुवित्त वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विष्लेशण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

हाल देशको बैंकिङ्ग वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ । विगतको छोटो अवधिमानै धेरै लघुवित्त सेवा प्रदायक संस्थाहरु स्थापना भई संचालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एकातर्फ देशको बैंकिङ्ग वातावरण बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ भने अर्को तर्फ विगतका केही समययता देखा परेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति समेत रहेको छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई केही हद सम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको यस लघुवित्त वित्तीय संस्थाको परिस्थितिलाई मूल्याङ्कन गर्दा लघुवित्त वित्तीय संस्थाको वित्तीय अवस्था सन्तोषजनक देखिन्छ । तसर्थ, देशको लघुवित्त व्यवसाय बीचको प्रतिस्प्रर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस लघुवित्त वित्तीय संस्थाले स्थापनाकाल देखि नै ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलव्ध श्रोत र साधनको अधिकतम रुपमा परिचालन गरी उत्साहजनक उपलब्धी हासिल गरेको छ । त्यस कारण विद्यमान उपलब्धीहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा यस लघुवित्त वित्तीय संस्थाको भविष्य सुढृढ हुने देखिन्छ ।

**३.३.४.संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :**

संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| संस्थापक उपसमूह क (१) का शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मनोनित वा निर्वाचित संचालकहरु | २ जना |
| संस्थापक उपसमूह क (२) का शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मनोनित वा निर्वाचित संचालकहरु | २ जना |
| संस्थापक उपसमूह क (३) का शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मनोनित वा निर्वाचित संचालकहरु | २ जना |
| "ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक | १ जना |
| **जम्मा** | **९ जना** |

**नोट :** संस्थापक समुह "क" अन्तर्गतका संस्थापक शेयरधनीहरुलाई क (१), क (२) र क (३) उप-समूहमा बर्गीकरण गरिएकोले प्रत्येक उप-समूहबाट निर्वाचित/मनोनयन हुने संचालकको लागि सोही उप-समूहका शेयरधनीहरुले मात्र मतदान गर्न पाउने छन् भने समुह "ख" अन्तर्गतका सर्वसाधारण शेयरधनीहरुबाट संचालकहरुको निर्वाचनको हकमा सोही समूहका शेयरधनीहरुले मात्र भाग लिई मतदान गर्न पाउनेछन् । उपरोक्त ब्यवस्था बमोजिम निर्वाचित/मनोनित संचालकहरुले आफुमध्येबाट बहुमतको आधारमा एक जना अध्यक्षको मनोनयन गर्नेछन् ।

**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :**

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको दफा २८ मा व्यवस्था भए अनुसार लघुवित्त वित्तीय संस्थाको संचालक हुनका लागि यस लघुवित्त वित्तीय संस्थाको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर लिने ब्यक्तिले आफ्नो शेयर कुनै ब्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर स्वतन्त्र व्यावसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा त्यस्तो संचालकले ब्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन ।

**३.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

१. अधिकृत पूँजी: यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.५० करोड रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ५० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

२. जारी पूँजी: यस लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.१० करोड रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा १० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

३. चुक्ता पूँजी: यस लघुवित्त वित्तीय संस्थाको जारी भएका १० लाख कित्ता साधारण शेयर मध्ये रु.७ करोड बराबरको रु.१००/– दरको ७,००,००० कित्ता साधारण शेयर संस्थापक शेयरधनीहरुको नाममा बाँडफाँड भई जम्मा रु.७ करोड रकम चुक्ता भुक्तान भईसकेको छ । यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु.१० करोड हुनेछ ।

**अधिकृत,जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण** : हाल सम्म कुनै परिवर्तन नभएको ।

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)** : सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ७,००,००० | ७०% | ७,००,००,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ३,००,००० | ३०% | ३,००,००,०००/– | शतप्रतिशत |
| | **जम्मा** | १०,००,००० | १००% | १०,००,००,०००/– | |

**ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात)** : शेयर प्रिमियम खाताको ब्यबस्था नगरिएको ।

**३.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**३.५.१.संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं | संचालक | लागु नहुने | लागु नहुने | २,५०,००० | लागु नहुने | वित्तीय/बैंकिङ्ग सेवा |
| २. | कुमारी बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौं | संचालक | लागु नहुने | लागु नहुने | २,००,००० | लागु नहुने | वित्तीय/बैंकिङ्ग सेवा |
| ३. | श्री इन्भेष्टमेण्ट एण्ड फाईनान्स कम्पनी लि.,डिल्लीबजार, काठमाण्डौं | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | २५,००० | लागु नहुने | वित्तीय/बैंकिङ्ग सेवा |
| ४. | पश्चिमाञ्चल डेभलपमेण्ट बैंक लि. वुटवल, रुपन्देही | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | २५,००० | लागु नहुने | वित्तीय/बैंकिङ्ग सेवा |
| ५. | सिनर्जी फाईनान्स लि., जमल, काठमाण्डौं | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | २५,००० | लागु नहुने | वित्तीय/बैंकिङ्ग सेवा |
| ६. | विजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि., अनामनगर, काठमाण्डौं | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | १०,००० | लागु नहुने | वित्तीय/बैंकिङ्ग सेवा |
| ७. | काठमाण्डौं फाईनान्स लि., डिल्लीबजार, काठमाण्डौं | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | ७५,००० | लागु नहुने | वित्तीय/बैंकिङ्ग सेवा |

**संचालकहरुको विवरण :संचालकहरुको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री केशव प्रसाद आचार्य, का.म.न.पा.-७, काठमाण्डौं । | अध्यक्ष | ६२ | नेपाली | ६,००० | स्नातकोत्तर | पूर्व सल्लाहकार (अर्थ मन्त्रालय), पूर्व कार्यकारी निर्देशक नेपाल राष्ट्र बैंक । |
| २. | श्री गंगा प्रसाद उप्रेती, चारपानी ८, झापा । | संचालक | ६८ | नेपाली | ६,००० | स्नातकोत्तर | कुलपति (नेपाल प्रज्ञा प्रतिष्ठान) |
| ३. | श्री रबिन सिजापती, ल.उ.म.न.पा.- १४, ललितपुर । प्रतिनिधि–नेपाल इन्भेष्टमेण्ट बैंक लि. | संचालक | ४६ | नेपाली | २,५०,००० (संस्थागत) | स्नातकोत्तर | नेपाल ईन्भेष्टमेण्ट बैंक लि.मा सहायक महाप्रवन्धक पदमा कार्यरत । |
| ४. | श्री बरुण श्रेष्ठ, का.म.न.पा.-३४, काठमाण्डौं । प्रतिनिधि–नेपाल इन्भेष्टमेण्ट बैंक लि. | संचालक | ४४ | नेपाली | | स्नातकोत्तर | नेपाल ईन्भेष्टमेण्ट बैंक लि.मा बरिष्ठ प्रवन्धक पदमा कार्यरत। |
| ५. | श्री राजीव गिरी, का.म.न.पा.-५, काठमाण्डौं । (प्रतिनिधि–कुमारी बैंक लि.) | संचालक | ५२ | नेपाली | २,००,००० (संस्थागत) | स्नातकोत्तर | कुमारी बैंक लि.मा हाल निमित्त प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत |
| ६. | श्री नरेन्द्र प्रसाद छत्कुली, चैनपुर ३, धादिङ्ग । (प्रतिनिधि–कुमारी बैंक लि.) | संचालक | ५५ | नेपाली | | स्नातकोत्तर | कुमारी बैंक लि.मा कम्पनी सचिवको रुपमा कार्यरत |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| सि.नं. | संस्थाको नाम, ठेगाना | संचालकहरुको नाम, ठेगाना |
|---|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । | अध्यक्ष : श्री पृथ्वीबहादुर पाँडे, महाराजगंज, काठमाण्डौ । |
| | | संचालक : श्री दीपक मान शेरचन, वालुवाटार, काठमाण्डौ । |
| | | संचालक : श्री प्रजन्य राजभण्डारी, कमलादी, काठमाण्डौ । |
| | | संचालक : श्री वीरविक्रम रायमाझी, |
| | | संचालक : श्री भुवनेश्वर प्रसाद शाह, ग्यालेक्सीमार्ग, काठमाण्डौं । |
| | | संचालक : श्री मोहनमदन बुढाथोकी, विशालनगर, काठमाण्डौ । |
| २. | कुमारी बैंक लिमिटेड, दरवारमार्ग, काठमाण्डौं । | अध्यक्ष : श्री सन्तोष कुमार लामा, का.म.न.पा.-४, गैरिधारा, काठमाण्डौ । |
| | | संचालक : श्री बिनोद दवाडी, लगनखेल, ललितपुर । |
| | | संचालक : श्री शोभाकान्त ढकाल, इ. चगुंनारायण गा.वि.स..-४, काठमाण्डौ । |
| | | संचालक : श्री उत्तम प्रसाद भट्टराई, का.म.न.पा.-४, चुनदेवी, काठमाण्डौ । |
| | | संचालक : श्री नरेश दुगड, का.म.न.पा.-१, नक्साल, काठमाण्डौ । |
| | | संचालक : श्री पुन राम भण्डारी, बुटवल न.पा., रुपन्देही । |
| | | संचालक : श्री रसेन्द्र बहादुर मल्ल, का.म.न.पा.-१, जयनेपाल लालकलोनी, काठमाण्डौ । |
| ३. | श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स कम्पनी लि., डिल्लीबजार, काठमाण्डौं । | अध्यक्ष : श्री रबिन्द्र राज पाण्डे, सानेपा ललितपुर |
| | | संचालक : श्री दिनेश राज जोशी, ठमेल काठमाडौं |
| | | संचालक : श्री निरोध राज पाण्डे, ज्ञानेश्वर काठमाडौं |
| | | संचालक : श्री अशोक कुमार उप्रती, गगंबु काठमाडौं |
| | | संचालक : श्री जय कुमार श्रेष्ठ, कुलेश्वर काठमाडौं |
| ४. | पश्चिमाञ्चल डेभलपमेण्ट बैंक लि., बुटवल, रुपन्देही । | अध्यक्ष : श्री दुर्गा प्रसाद पाण्डे, करैया गा.वि.स.-७, रुपन्देही । |
| | | संचालक : श्री लक्ष्मण ज्ञवाली, आनन्दवन गा.वि.स.-३, रुपन्देही । |
| | | संचालक : श्री विवेक प्रधान, बुटवल न.पा.-११, रुपन्देही । |
| | | संचालक : श्रीमती शान्ता कुमारी कंडेल भुषाल, आनन्दवन गा.वि.स.-३, रुपन्देही । |
| | | संचालक : श्री भाष्कर नाथ पाण्डे, आनन्दवन गा.वि.स.-४, रुपन्देही । |
| | | संचालक : श्री झविन्द्र प्रकाश कँडेल, करैया गा.वि.स.-८, रुपन्देही । |
| ५. | सिनर्जी फाईनान्स लि., जमल, काठमाण्डौं | अध्यक्ष : श्री झपट बहादुर बोहरा, दर्ना गा.वि.स.-३, अछाम । |
| | | संचालक : श्री उमेशलाल श्रेष्ठ, ललितपुर उ.म.न.पा.-२, सानेपा, ललितपुर । |
| | | संचालक : श्री होम बहादुर पुन, बुटवल न.पा.-७, रुपन्देही । |
| | | संचालक : श्री कृष्णहरी श्रेष्ठ, पुर्कोट गा.वि.स.-९, तनहु । |
| | | संचालक : श्री सुरज क्षेत्री, केरवानी गा.वि.स.-५, रुपन्देही । |
| | | संचालक : श्री अनुभव धोजु, बुटवल न.पा.-१२, रुपन्देही । |
| | | संचालक : श्री शशिराज बज्राचार्य, का.म.न.पा.-१०, नयांबानेश्वर, काठमाण्डौ । |
| | | संचालक : श्री चन्द्रलोक प्रसद श्रेष्ठ, का.म.न.पा.-११, त्रिपुरेश्वर, काठमाण्डौ । |
| ६. | विजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लि., अनामनगर, काठमाण्डौं | अध्यक्ष : श्री मिलन कुमार बैद्य, पोखरा उ.म.न.पा..-७, कास्की । |
| | | संचालक : श्री नारायणमान राजभण्डारी, बालुवाटार, काठमाण्डौं । |
| | | संचालक : श्री बिनोद कायस्थ, पोखरा उ.म.न.पा..-७, महेन्द्रपुल, कास्की । |
| | | संचालक : श्री दिनेश शंकर पालिखे, पोखरा उ.म.न.पा..-९, पालिकेचोक, कास्की । |
| | | संचालक : श्री रश्मी जैन, खुर्सानी -२, काठमाण्डौं । |
| | | संचालक : श्री भुवन बज्र बज्राचार्य, बांसबारी, काठमाण्डौं । |
| | | संचालक : श्री बिर्ख बहादुर बस्नेत, शान्तीनगर, काठमाण्डौं । |
| | | संचालक : श्री दिपक रिमाल, जाउलाखेल, ललितपुर । |

| | | |
|---|---|---|
| ७. | काठमाण्डौं फाईनान्स लि.,<br>डिल्लीबजार, काठमाण्डौं | अध्यक्ष : श्री महेन्द्र लाल राई, धोबिघाट, ललितपुर ।<br>संचालक : श्री मेहर मान लिङदेन, दमक -११, झापा ।<br>संचालक : श्री यादव चन्द्र राई, कोटेश्वर, काठमाण्डौं ।<br>संचालक : श्री प्रेम बहादुर खापुङ्ग, बालाजु, काठमाण्डौं ।<br>संचालक : श्री बीरेन्द्र बिक्रम लिम्बु, बांसबारी, काठमाण्डौं । |

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठन सँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| सि.नं | संचालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री केशव प्रसाद आचार्य,<br>का.म.न.पा.-७, काठमाण्डौं । | पूर्वसल्लाहकार– अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।<br>पूर्व कार्यकारी निर्देशक– नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं । |
| २. | श्री गंगा प्रसाद उप्रेती,<br>चारपानी ८, झापा । | कुलपति– नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौं । |
| ३. | श्री रबिन सिजापती,<br>ल.उ.म.न.पा.- १४, ललितपुर । | सहायक महाप्रबन्धक– नेपाल ईन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |
| ४. | श्री बरुण श्रेष्ठ,<br>का.म.न.पा.-३४, काठमाण्डौं । | बरिष्ठ प्रवन्धक– नेपाल ईन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |
| ५. | श्री राजीव गिरी,<br>का.म.न.पा.-५, काठमाण्डौं । | निमित्त प्रमुख कार्यकारी अधिकृत– कुमारी बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |
| ६. | श्री नरेन्द्र प्रसाद छत्कुली,<br>चैनपुर ३, धादिङ्ग । | कम्पनी सचिब– कुमारी बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई लघुवित्त वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापकको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

ग) लघुवित्त वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम लघुवित्त वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि लघुवित्त वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । समूह भित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) कुनै शेयरधनीको मृत्यु भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागु हुने छैन ।

ङ) सर्वसाधारणहरुले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० कित्ता वा अधिकतम १०००० (दश हजार) कित्ता शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ ।

तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

च) लघुवित्त वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म लघुवित्त वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा लघुवित्त वित्तीय संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुंदैन ।

तर नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर लघुवित्त वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था ऐन, २०६३, कम्पनी ऐन, २०६३ र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

झ) "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" को नियम (१०) को उपनियम (१) मा भएको ब्यबस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**३.५.२.संस्थापक/संचालकसँगको कारोबार :**

क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति तथा मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा त्यस सम्बन्धी विवरण : सो नभएको ।

ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : नभएको ।

**३.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यो लघुवित्त वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस लघुवित्त वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**३.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**३.७.१.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

१. नाम : श्री राम बहादुर यादब
योग्यता : बि.एस.सी.
नियुक्ति भएको मिति : २०७०/११/०१
अनुभव : ब्यवस्थापकीय तथा बैंक तथा वित्तीय क्षेत्रमा १७ बर्ष भन्दा बढीको अनुभव ।
संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

२. नाम : श्री प्रविण कुमार लामा
योग्यता : एम.बि.एस
नियुक्ति भएको मिति : २०७१/३/२२
अनुभव : ब्यवस्थापकीय तथा बैंक तथा वित्तीय क्षेत्रमा ८ बर्ष भन्दा बढीको अनुभव ।
संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

३. नाम : श्री शेष नारायण पोखरेल
योग्यता : एम.ए.
नियुक्ति भएको मिति : २०७१/३/८
अनुभव : बैक तथा वित्तीय क्षेत्रमा करिब १६ वर्ष भन्दा बढीको अनुभव ।
संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या : सो नभएको ।
अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम : नभएको ।

ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : सो नभएको ।

ग) कर्मचारी संख्या : **११२ जना ।**
स्थायी : ६२ जना ।
अस्थायी : ५० जना ।
करार : छैन ।
ज्यालादारी : छैन ।

**३.७.२.संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मासिक पारिश्रमिक रु.७५,०००/– पाउनेछ र स्वदेश तथा बिदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिइनेछ ।
२. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.१,५००/– हुनेछ ।
३. लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :
– स्वदेशमा दैनिक भत्ता : रु.१,५००/–
– भारतमा दिल्ली, मुम्बई, कलकत्ता, चेन्नई र अन्य प्रान्तीय राजधानीमा दैनिक भत्ता भा.रु.२,०००/– र बाँकी अन्य स्थानमा दैनिक भत्ता भा.रु.१,५००/–
– भारत बाहेकका अन्य विदेशी मुलुकको हकमा उत्तर अमेरीका, दक्षिण अमेरीका, युरोप, अफ्रिका, जापान, अस्ट्रेलिया, न्युजीलैण्ड र मध्येपूर्व तथा खाडीका देशहरुका लागि दैनिक भत्ता अमेरीकी डलर ३००/– र सो बाहेकका देशहरुका लागि दैनिक भत्ता अमेरीकी डलर २००/–
– भ्रमण भत्ता विल बमोजिम छ ।

**ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम | अवधि |
|---|---|---|---|---|
| १. | श्री राम बहादुर यादव | प्रमुख कार्यकारी अधिकृत | रु.११,७१,७२६/– | आ.ब.०७१/०७२ |
| २. | श्री प्रविण कुमार लामा | नायव प्रबन्धक | रु.६,८६,११८/६५ | आ.ब.०७१/०७२ |
| ३. | श्री शेष नारायण पोखरेल | सहायक प्रबन्धक | रु.५,५४,०२०/८५ | आ.ब.०७१/०७२ |

ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :
हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**३.८.अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :
१.निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२.नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम : लागु नहुने ।
(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :
१.नयाँ लघुवित्त वित्तीय संस्था, बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२.देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम : लागु नहुने ।
(ङ) विदेशी विनिमयको जोखिम : लागु नहुने
(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : लागु नहुने ।
(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम:
१.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।

२.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) संचालन इतिहासको अभाव : मिति २०७१ आषाढ १८ गते देखि लघुवित्त वित्तीय संस्थाले आफ्नो लघुवित्त कारोवार संचालन गरेकोले लघुवित्त वित्तीय संस्थाको संचालन इतिहास करिव २ बर्ष भन्दा बढीको रहेको छ ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीमः लागु नहुने ।

(ट) अन्य :

१. लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

२. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

३. पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

४. लघुवित्त वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोले ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको छ ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :**

रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ३.९. वित्तीय विवरण :

### ३.९.१. वित्तीय विवरण र तत्सम्बन्धमा ब्यबस्थापनको धारणा र विश्लेषण :

क) संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँट, नगद प्रवाह विवरण :

**वासलात (आषाढ मसान्त, २०७२)**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ७०,००० |
| २. जगेडा तथा कोषहरु | ९,६५० |
| ३. ऋणपत्र तथा बण्ड | – |
| ४. तिर्न बाँकी कर्जा सापट | ३८०,६८८ |
| ५. निक्षेप दायित्व | २४,८३६ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – |
| ८. आयकर दायित्व | ४,०१५ |
| ९. अन्य दायित्व | १,९८० |
| **कुल पूँजी तथा दायित्व** | **४९१,१६९** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | २१८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २,३१० |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | १०,७८१ |
| ५. लगानी | – |
| ६. कर्जा सापट तथा बिल खरिद | ४६३,८०४ |
| ७. स्थिर सम्पत्ति | ९,२४६ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – |
| ९. अन्य सम्पत्ति | ४,८१० |
| **कुल सम्पत्ति** | **४९१,१६९** |

## नाफा नोक्सान हिसाव (श्रावण १, २०७१ देखि आषाढ मसान्त २०७२)

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | ३६,०१८ |
| २. व्याज खर्च | ९,४१३ |
| **खुद ब्याज आम्दानी** | **२६,६०५** |
| ३. कमिशन तथा डिस्काउण्ट | १३,१०५ |
| ४. अन्य संचालन आम्दानी | - |
| ५. सटही घटबढ आम्दानी | |
| **कुल संचालन आम्दानी** | **३९,७१०** |
| ६. कर्मचारी खर्च | १०,२१७ |
| ७. अन्य संचालन खर्च | ९,००३ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी व्यबस्था अघिको संचालन मुनाफा** | **२०,४९०** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ४,६७९ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१५,८११** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१५,८११** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१५,८११** |
| १३.कर्मचारी बोनस व्यवस्था | १,४१३ |
| १४.आयकर व्यबस्था | *४,०१५* |
| यस वर्षको | ४,०१५ |
| गत वर्षको | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | १५ |
| **खुद मुनाफा/(नोक्सान)** | **१०,३९८** |

## नाफा नोक्सान बांडफांड हिसाव (श्रावण १, २०७१ देखि आषाढ मसान्त २०७२)

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | |
| २. यस वर्षको मुनाफा | १०,३९८ |
| ३. सटही घटबढ कोष | |
| **जम्मा** | **१०,३९८** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | १,०६८ |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधरण जगेडा कोष | २,०८० |
| ४. भैपरी आउने जगेडा (पर सारेको कर) | - |
| ५. संस्था विकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित लाभांश | - |
| ९. प्रस्तावित बोनस शेयर जारी | - |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूँजी फिर्ता जगेडा कोष | - |
| १३. पूँजी समायोजन कोष | - |

| | |
|---|---|
| १४. अन्य (स्थगन कर जगेडा) | १५ |
| १५. लगानी समायोजन कोष | - |
| **जम्मा** | **३,१६२** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **७,२३५** |

**नगद प्रवाह विवरण (श्रावण १, २०७१ देखि आषाढ मसान्त २०७२)**

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | **(५४,५५६)** |
| **१. नगद प्राप्ति** | **४९,१२२** |
| १.१ व्याज आम्दानी | ३६,०१८ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | १३,१०५ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | - |
| १.४ अपलेखित कर्जाको असूली | - |
| १.५ अन्य आम्दानी | - |
| **२. नगद भुक्तानी** | **(२६,६८२)** |
| २.१ व्याज खर्च | (९,४१३) |
| २.२ कर्मचारी खर्च | (१०,२१७) |
| २.३ कार्यालय संचालन खर्च | (७,०५३) |
| २.४ आयकर भुक्तानी | - |
| २.५ अन्य खर्च | |
| **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | **२२,४४०** |
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | **(४८२,३१७)** |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | (१०,७८१) |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (४६७,८६८) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (३,६६८) |
| सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि) | **४०५,३२२** |
| १. निक्षेप दायित्वमा (कमी)/बृद्धि | २४,८२९ |
| २. सर्टिफिकेट अफ डिपोजितमा (कमी)/बृद्धि | - |
| ३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | - |
| ४. अन्य दायित्वमा (कमी)/बृद्धि | ३८०,४९२ |
| ५. लाभाशं भुक्तानी | - |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(५,५०२)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | - |
| २. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (५,५०२) |
| ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - |
| ४. लाभाशं आम्दानी | - |
| ५. अन्य | - |
| **ग) वित्तिय कारोबारबाट नगद प्रवाह** | **-** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | - |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | - |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | - |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी) | - |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **-** |
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | (६०,०५७) |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **६२,५८५** |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२,५२८** |

(ख) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु.हजारमा) | |
|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ |
| १. शेयर पूँजी | ७०,००० | ७०,००० |
| २. जगेडा तथा कोषहरु | (७४८) | ९,६५० |
| ३. ऋणपत्र तथा बण्ड | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - | ३८०,६८८ |
| ५. निक्षेप दायित्व | ६ | २४,८३६ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - |
| ८. आयकर दायित्व | - | ४,०१५ |
| ९. अन्य दायित्व | ७६३ | १,९८० |
| **कुल पूँजी तथा दायित्व** | **७०,०२१** | **४९१,१६९** |
| **सम्पत्ति** | **आ.ब.०७०/०७१** | **आ.ब.०७१/०७२** |
| १. नगद मौज्दात | ६ | २१८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ६२,५८० | २,३१० |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | १०,७८१ |
| ५. लगानी | - | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ६१४ | ४६३,८०४ |
| ७. स्थिर सम्पत्ति | ५,६९५ | ९,२४६ |
| ८. गैर बैंकिंङ्ग सम्पत्ति | - | - |
| ९. अन्य सम्पत्ति | १,१२७ | ४,८१० |
| **कुल सम्पत्ति** | **७०,०२१** | **४९१,१६९** |

**नाफा नोक्सान हिसाव**

| विवरण | वास्तविक (रु.हजारमा) | |
|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ |
| १. ब्याज आम्दानी | १,४४८ | ३६,०१८ |
| २. ब्याज खर्च | - | ९,४१३ |
| **खुद ब्याज आम्दानी** | **१,४४८** | **२६,६०५** |
| ३. कमिशन तथा डिस्काउण्ट | ६ | १३,१०५ |
| ४. अन्य संचालन आम्दानी | - | - |
| ५. सटही घटबढ आम्दानी | - | - |
| **कुल संचालन आम्दानी** | **१,४५४** | **३९,७१०** |
| ६. कर्मचारी खर्च | ३७७ | १०,२१७ |
| ७. अन्य संचालन खर्च | २,१३८ | ९,००३ |
| ८. सटही घटबढ नोक्सान | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **(१,०६२)** | **२०,४९०** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ६ | ४,६७९ |
| **संचालन मुनाफा/(नोक्सान)** | **(१,०६८)** | **१५,८११** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **(१,०६८)** | **१५,८११** |

| | | |
|---|---|---|
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | (१,०६८) | **१५,८११** |
| १३.कर्मचारी बोनस व्यवस्था | - | १,४१३ |
| १४.आयकर व्यबस्था | *(३२०)* | *४,००१* |
| यस वर्षको | - | ४,०१५ |
| गत वर्षको | - | - |
| स्थगन कर | ३२० | १५ |
| **खुद मुनाफा/(नोक्सान)** | (७४८) | **१०,३९८** |

(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :

२०७२ श्रावण १ गते देखि २०७२ पौष मसान्त सम्मको लेखापरिक्षकाबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण देहाय बमोजिम रहेकोछ :

**वासलात**

| पूँजी तथा दायित्व | रकम (रु. हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ७०,००० |
| २. जगेडा तथा कोषहरु | २३,४८९ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ६५६,६६१ |
| ५. निक्षेप दायित्व | ५६,०१४ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - |
| ८. आयकर दायित्व | ५,९३१ |
| ९. अन्य दायित्व | ७,०८२ |
| **कुल दायित्व** | **८१९,१७७** |
| **सम्पत्ति** | **रकम (रु. हजारमा)** |
| १. नगद मौज्दात | १५८ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ५,१७० |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | १८८,०८६ |
| ५. लगानी | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ६०७,१९२ |
| ७. स्थिर सम्पत्ति | १०,११४ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ८,४५७ |
| **कुल सम्पत्ति** | **८१९,१७७** |

**नाफा नोक्सान हिसाब**

| विवरण | (रु. हजारमा) |
|---|---|
| १ व्याज आम्दानी | ५०,९३८ |
| २ व्याज खर्च | १४,९५० |
| **खुद ब्याज आम्दानी** | **३५,९८८** |
| ३. कमिशन तथा डिस्काउण्ट | १०,५७५ |
| ४. अन्य संचालन आम्दानी | - |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **४६,५६३** |
| ६. कर्मचारी खर्च | १०,४५६ |

| | |
|---|---|
| ७. अन्य संचालन खर्च | ५,४३७ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **३०,६७०** |
| ९. सम्भावित नोक्सानी | ८,९२४ |
| **संचालन मुनाफा/(नोक्सान)** | **२१,७४७** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२१,७४७** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **२१,७४७** |
| १३.कर्मचारी बोनस व्यवस्था | १,९७७ |
| १४.आयकर ब्यबस्था | ***५,९३१*** |
| यस वर्षको | ५,९३१ |
| गत वर्षको | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - |
| **खुद मुनाफा/(नोक्सान)** | **१३,८३९** |

(घ) आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण : आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन नभएको ।

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको घारणा : पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छैन ।

(च) आर्थिक बर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने : लागु नहुने ।

(छ) विगत ५ बर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए

(अ) सम्पत्तिको विवरण,

(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य

(ई) पूनर्मूल्यांकनको औचित्य,

–हाल सम्म सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छैन ।

(ज) आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :

**वासलात**

| **पूँजी तथा दायित्व** | **प्रक्षेपित (रु. हजारमा)** | | |
|---|---|---|---|
| | **आ.ब.०७२/०७३** | **आ.ब.०७३/०७४** | **आ.ब.०७४/०७५** |
| १. शेयर पूँजी | १००,००० | २००,००० | ३४०,००० |
| २. जगेडा तथा कोषहरु | ४६,७२२ | ८७,५८५ | १५७,७३६ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ७८७,९९३ | ९०६,१९२ | ९९६,८११ |
| ५. निक्षेप दायित्व | १००,८२५ | १४१,१५५ | १९७,६१७ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | - |
| ८. आयकर दायित्व | - | - | - |
| ९. अन्य दायित्व | २,१७८ | २,३९६ | २,६३६ |
| **कुल पूँजी तथा दायित्व** | **१,०३७,७१९** | **१,३३७,३२९** | **१,६९४,८०१** |

| सम्पत्ति | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
|---|---|---|---|
| १. नगद मौज्दात | १४५,२८५ | १०७,१५७ | १०२,१०२ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको  मौज्दात | - | - | - |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २,७७२ | ३,८८० | ४,६५६ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | १५,६३२ | १८,७५९ | ३०,०१४ |
| ५. लगानी | - | - | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ८४७,७६५ | १,१७९,१४१ | १,५२७,२१५ |
| ७. स्थिर सम्पत्ति | १०,१७१ | ११,१८८ | १२,३०७ |
| ८. गैर बैंकिंङ्ग सम्पत्ति | - | - | - |
| ९. अन्य सम्पत्ति | १६,०९३ | १७,२०३ | १८,५०७ |
| **कुल सम्पत्ति** | **१,०३७,७१९** | **१,३३७,३२९** | **१,६९४,८०१** |

**नाफा नोक्सान हिसाव**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| १. व्याज आम्दानी | १३२,२०७ | १८०,६११ | २३८,२३८ |
| २. व्याज खर्च | ६८,५२९ | ९०,०२७ | १०१,५७० |
| **खुद ब्याज आम्दानी** | **६३,६७८** | **९०,५८४** | **१३६,६६७** |
| ३. कमिशन तथा डिस्काउण्ट | २६,४३७ | ३४,३६८ | ४१,२४२ |
| ४. अन्य संचालन आम्दानी | - | - | - |
| ५. सटही घटबढ आम्दानी | - | - | - |
| **कुल संचालन आम्दानी** | **९०,११५** | **१२४,९५२** | **१७७,९०९** |
| ६. कर्मचारी खर्च | ३८,३३८ | ४४,०८९ | ५०,७०२ |
| ७. अन्य संचालन खर्च | १०,८९१ | १२,३६० | १२,४१६ |
| ८. सटही घटबढ नोक्सान | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **४०,८८६** | **६८,५०३** | **११४,७९०** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ४,३७७ | ४,२८९ | ४,५५२ |
| **संचालन मुनाफा/(नोक्सान)** | **३६,५०९** | **६४,२१४** | **११०,२३८** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - | - |
| ११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | - | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **३६,५०९** | **६४,२१४** | **११०,२३८** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **३६,५०९** | **६४,२१४** | **११०,२३८** |
| १३.कर्मचारी बोनस व्यवस्था | ३,३१९ | ५,८३८ | १०,०२२ |
| १४.आयकर ब्यबस्था | *९,९५७* | *१७,५१३* | *३०,०६५* |
| यस वर्षको | ९,९५७ | १७,५१३ | ३०,०६५ |
| गत वर्षको | - | - | - |
| स्थगन कर | - | - | - |
| **खुद मुनाफा/ (नोक्सान)** | **२३,२३३** | **४०,८६३** | **७०,१५२** |

**३.९.२. वित्तीय अनुपात सम्बन्धी विवरण :**

संगठित संस्थाको सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :

(क) विगत ३ बर्षको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी र गैह्र बैंकिङ्ग सम्पत्ति :

| विवरण | वास्तविक | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८.९३ | ११३.७९ | १४४.७२ | १४३.०४ | १४६.१० |
| प्रति शेयर आम्दानी (रु.) | (१.०७) | १४.८५ | २३.२३ | २०.४३ | २०.६३ |

(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

| विवरण | वास्तविक (रु. हजारमा) | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|
| | आ.ब.०७०/०७१ | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
| चुक्ता पुंजी | ७०,००० | ७०,००० | १००,००० | २००,००० | ३४०,००० |
| जगेडा तथा कोषहरु | (७४८) | ९,६५० | ४६,७२२ | ८७,५८५ | १५७,७३६ |
| **कुल** | **६९,२५२** | **७९,६५०** | **१४६,७२२** | **२८७,५८५** | **४९७,७३६** |
| घटाउनेःअपलेखन गर्न बाँकी खर्च | - | - | (२,०००) | (१,५००) | (१,०००) |
| **कुल नेटवर्थ** | **६९,२५२** | **७९,६५०** | **१४४,७२२** | **२८६,०८५** | **४९६,७३६** |
| शेयर संख्या (हजारमा) | ७०० | ७०० | १,००० | २,००० | ३,४०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८.९३ | ११३.७९ | १४४.७२ | १४३.०४ | १४६.१० |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | -१.०८% | १३.०५% | १६.०५% | १४.२८% | १४.१२% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी **(EPS)** कायम राख्न आवश्यक न्यूनतम प्रतिफल | | | १३.५५% | | |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| विवरण | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ३०५.९७% | ४०.००% | ४०.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ८२.७९% | ३९.०९% | २९.५२% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ८३.६०% | ९०.००% | ९१.८४% |
| ४. कुल आयमा औषत बृद्धिदर | ३२२.९६% | १३५.५१% | १३०.००% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | ३६६.६५% | १२३.४४% | ११२.२५% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ३१.०३% | २६.२६% | २२.५८% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | १२३.४४% | ७५.८९% | ७१.६७% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ७.००% | ७.००% | ७.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १७.००% | १७.००% | १७.००% |
| १०. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११.अनिवार्य नगद अनुपात **(CRR)** | ७.२०% | ५.०६% | ५.१७% |
| १२.बैद्यानिक तरलता अनुपात **(SLR)** | १२.२४% | ११.२४% | १०.८०% |
| १३.पूँजी पर्याप्तता **(CAR)** | १७.६६% | २४.६९% | ३२.७७% |

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था एनविएसएम एण्ड एसोशिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौंले प्रमाणित गरेकोछ ।

**३.१०.धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**३.१०.१.धितोपत्र जारी गर्नुको उद्देश्य :**

अ) लघुवित्त वित्तीय संस्थाको जारी पूँजी रु.१० करोड मध्ये प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुरुप जारी पूँजीको ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने भएको कारण जारी पूंजीको ३०% अर्थात रु.३,००,००,०००/-रकम बराबरको प्रति शेयर रु.१००/-दरको ३,००,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुमा बिक्री वितरण गरी लघुवित्त वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन ।

आ) लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

इ) लघुवित्त वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**३.१०.२.धितोपत्र निष्काशन गरी प्राप्त पूँजीको उपयोग :**

(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण :
साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको लघुवित्त वित्तीय संस्थाले गर्न पाउने कार्यको अधिनमा रही लघुवित्त वित्तीय संस्थाको व्यवसायिक प्रयोजनमा उपयोग गरिने छ । साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी लघुवित्त वित्तीय संस्थाको नियमित लघुवित्त सम्बन्धी कारोबार एवं आर्थिक कारोवारहरु विस्तार एवं बृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ ।

| कर्जा प्रवाह तथा लगानी | | |
|---|---|---|
| **क्र.सं.** | **विवरण** | **रकम (रु.)** |
| १ | कृषि क्षेत्र | **१,५०,००,००० /-** |
| २ | ब्यापार ब्यबसाय | **१,५०,००,००० /-** |
| | **जम्मा** | **करिव रु.३,००,००,०००/-** |

(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपानाइने बैकल्पिक ब्यबस्था :
लघुवित्त वित्तीय संस्थाहरुको शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त पर्ने गरेकोछ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रचलित कानूनको अधिनमा रही सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि बैकल्पिक ब्यबस्था गरिनेछ । साथै निष्काशन गरिने साधारण शेयरहरुको ५० प्रतिशत शेयर समेत प्रत्याभूति गरिएको छ ।

(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : लागु नहुने ।

(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्नेः लागु नहुने ।

(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु : लागु नहुने ।

(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सम्झौता नगरिएको ।

(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : उत्पादन सम्बन्धी आयोजना नभएको ।

(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : लागु नहुने ।

(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : लागु नहुने ।

(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।
(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.१,००,०००/–
(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।
(ई) प्रत्याभूतिकर्ता – प्रत्याभुतिकर्तालाई प्रत्याभुति रकमको ०.५०% का दरले रु.७५,०००/–
(इ) विज्ञहरु – वित्तीय प्रक्षेपण पुनरावलोकन गरी प्रमाणित गर्ने विज्ञलाई रु.२०,०००/–
(उ) लेखापरिक्षक – सार्वजनिक निष्काशनको लागि कुनै रकम भुक्तानी नगरिएको ।
(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) – संकलन केन्द्रहरुलाई जम्मा रु.१४,००,०००/–कमिशन दिने र शेयर प्रमाणपत्र वितरण गरे बापत प्रति प्रमाणपत्र रु.२/–का दरले भुक्तानी दिने व्यवस्था गरिएको छ ।

**३.१०.३.सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै ब्यबस्था गर्न लागिएको छ भने तत् सम्बन्धि विवरण** : हाल सम्म त्यस्तो कुनै व्यवस्था गरिएको छैन ।

**३.१०.४.प्रिमियममा धितोपत्र जारी गर्ने भएमा** : शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**३.१०.५.धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धि ब्यबस्था :**

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड

सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था :
शेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिकरुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँडपत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर: "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यबस्था अनुसार तोकिएको समयावधि भित्र बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मिति देखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिन सम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यबस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी तोकिएको समयावधि भित्र शेयर प्रमाणपत्र वितरण गरिनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धि विवरण : निष्काशन गरिने साधारण शेयर सूचिकरण भैसकेको छैन ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने व्यबस्था सम्बन्धी विवरण :
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका,२०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यबस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धि व्यबस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यबस्था मिलाइनेछ ।

**३.१०.६.प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**
प्रत्याभुति गर्ने संगठित संस्थाको नाम, ठेगाना : एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं ।
प्रत्याभूति गरिएको शेयर संख्या र रकम : रु.१,५०,००,०००/–रकम बराबरको रु.१००/–अंकित दरको १,५०,००० कित्ता साधारण शेयरको लागि प्रत्याभूति गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. धितोपत्र निष्काशन निर्देशिका, २०६५ बमोजिम कुल निष्काशनको ५० प्रतिशत अर्थात १,५०,००० कित्ता साधारण शेयरहरु प्रत्याभुति गरिएको छ ।
२. कुल प्रत्याभुति शेयरहरुको लागि प्रत्याभुति शुल्क बापत एकमुष्ट रु.७५,०००/–भुक्तानी गरिएको छ ।
३. प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुति गरिएको शेयरहरुमा मात्र सिमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतिकर्ताले प्रत्याभुतित कित्ता शेयरहरु सम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।
५. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वत: खारेज हुनेछ ।
६. प्रत्याभुति सम्बन्धि अन्य व्यवस्थाहरु प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**३.१०.७.आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन् ।
२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही लघुवित्त वित्तीय संस्थाले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभाशं वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको व्यबस्था अनुसार बाँडफाँड गरी तोकिएको अवधिभित्र शेयर प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यबस्था मिलाइनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, निलकण्ठ ३, धादिङ्गबेसी, धादिङ्ग वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ठ रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१) कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्थाले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२) दरखास्त दिंदा लघुवित्त वित्तीय संस्थाले तोकेको निर्दिष्ट ढांचामा आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्या र त्यसको रकम खुलाई दरखास्त दिनुपर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले दरखास्त फाराममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचेको फोटो सहित नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुको साथै आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपीमा दरखास्तवाला स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्तसाथ संलग्न गर्नु पर्नेछ । यसरी दरखास्त दिँदा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको सक्कल प्रति समेत आफुले दरखास्त बुझाउने सम्बन्धित संकलन केन्द्रमा देखाउनु पर्नेछ । नावालकको हकमा आवेदन दिँदा नेपाल सरकारको पञ्जीकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

३) सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

४) दरखास्तवालालाई रकम फिर्ता दिंदा दरखास्त फाराममा उल्लेख गरिएको नीजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिइनेछ ।

५) सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि. को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर विक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।

६) रु.५०,०००/–भन्दा वढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

७) रु.१०,००,०००/–सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१०,००,०००/–भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।

८) आबेदन फारम नेपाली तथा अंग्रेजी दुबै भाषामा स्पष्ट रुपमा भर्नु पर्नेछ ।

९) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१०) संयुक्त रुपमा साधारण शेयर खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले शेयर खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाउने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसंग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फाराममा पहिलो नाम उल्लेख भएको व्यक्तिसंग गरिनेछ ।

११) आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिन चाहने दरखास्तवालाहरुले प्रचलित कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

१२) बाँडफाँडबाट कायम शेयरधनीहरुलाई शेयर प्रमाणपत्र दिंदा दरखास्तवालाले दरखास्त फारमसाथ स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको सक्कलप्रतिको आधारमा सही आवेदक पहिचान गरेर मात्र दिइने ब्यबस्था रहेकोले शेयर प्रमाणपत्र लिन आवेदकले आफ्नो नागरिकताको सक्कल प्रति पेश गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत सम्बन्धित संकलन केन्द्रहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

१३) कम्पनी तथा अन्य संघ संस्थाले साधारण शेयर खरिदका लागि दरखास्त दिंदा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित संस्थाको सञ्चालक समितिले साधारण शेयर खरिद गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी सहित कम्पनी वा संस्थाको प्रमुखको फोटो समेत समावेश गरी दरखास्त दिनु पर्नेछ ।

१४) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

१५) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

**३.११.सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोवार गरेको छैन ।

**३.१२.विदेशी लगानी र ब्यवस्थापन सम्बन्धी विवरण** : विदेशी लगानी र ब्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मूख्य तथा तात्विक बूँदाहरु : विदेशी लगानी र ब्यवस्थापनमा लघुवित्त वित्तीय संस्था संचालन नभएको ।

**३.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या : निष्काशनकर्ता लघुवित्त वित्तीय संस्था सूचीकृत संगठित संस्था नभएको ।

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या : नभएको ।

**३.१४.पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**३.१५.परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

अ) यस लघुवित्त वित्तीय संस्थाको लेखापरिक्षकमा कुवेर एण्ड कम्पनी चाटर्ड एकाउन्टेण्टस्, ज्ञानेश्वर, काठमाण्डौं रहेको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

ई) यस निष्काशनको लागि देहायका बाणिज्य बैंकहरुलाई निष्काशन बैंक (**Banker to the Issue**) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | नाम, ठेगाना |
|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं । |
| २. | श्री कुमारी बैंक लिमिटेड, न्यूरोड, काठमाण्डौं । |
| ३. | श्री सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं । |

साथै आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ दिन भित्र वोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

इ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था एनविएसएम एण्ड एसोशिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौंले प्रमाणित गरेको छ ।

**३.१६.परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**
छैन ।

**३.१७.मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणाः
हाल सम्म संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद छैन ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :
हाल सम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा दायर गरिएको छैन ।

(ग) विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :
विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन नियका वा अदालतले सजाय गराएको छैन ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

**३.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा एक विशेष कक्षको व्यबस्था गरिएको छ ।

**३.१९.नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धि विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धि विवरण :** नगद नलिई कसैलाई धितोपत्र निष्काशन नगरिएको।

**३.२०.ऋणपत्र निष्काशन सम्बन्धी विवरण** : हालसम्म ऋणपत्र जारी गरिएको छैन ।

**३.२१.अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यवस्था :** हालसम्म ऋणपत्र जारी गरिएको छैन ।

**३.२२.अन्य सामान्य जानकारी :**

(क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण : नभएको ।

**(ख)गत तीन आर्थिक बर्ष भित्रमा कुनै संचालक, लेखापरिक्षक परिवर्तन भएको भए, सो को कारण :**

| सि.नं. | नम | पद | कारण |
|---|---|---|---|
| १. | श्री डा. रमा बस्याल | संचालक | समूह क (३) वाट दुई जना मात्र प्रतिनिधित्व गर्ने भएकोले । |
| २. | श्री ज्योति प्रकाश पाण्डे | संचालक | नेपाल इन्भेष्टमेण्ट बैंक लि.बाट संस्थाको प्रतिनिधी परिवर्तन गरेकोले । |
| ३. | श्री उदय कृष्ण उपाध्याय | संचालक | कुमारी बैंक लि.बाट संस्थाको प्रतिनिधी परिवर्तन गरेकोले । |
| ४. | श्री श्रीचन्द्र भट्ट | संचालक | नेपाल इन्भेष्टमेण्ट बैंक लि.वाट संस्थाको प्रतिनिधी परिवर्तन गरेकोले । |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
नाम : राम बहादुर यादव ठेगाना : जिभ्फौल ७, सिरहा । योग्यता : .बि.एस.सी.।

**(घ) सार्वजनिक निष्काशन गर्नको लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
यस लघुवित्त वित्तीय संस्थाको प्रवन्धपत्रमा उल्लेख भए अनुसार सर्वसाधारणको लागि छुट्टाईएको साधारण शेयर निष्काशन गर्नको नेपाल धितोपत्र बोर्डबाट स्विकृत प्राप्त संस्थाहरुबाट कोटेशन संकलन गरी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक र प्रत्याभुतिकर्ता नियुक्त गर्नका लागि आवश्यक प्रक्रिया पुरा गर्न बैंकको संचालक समितिको मिति २०७२/०६/१३ को बैठकबाट परेका प्रस्तावहरुको विश्लेषण गरी एनआईबिएल क्यापिटल मार्केट लि. को प्रस्ताव मितव्ययी र उपयुक्त देखिएकोले उक्त प्रस्ताव अनुसार

एनआईबिएल क्यापिटल मार्केट लिमिटेडलाई संस्थाको साधारण शेयर जारी गर्न निष्काशन व्यवस्थापकको रुपमा नियुक्ति गर्ने निर्णय गरियो । सम्झौतामा हस्ताक्षर गर्न प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवलाई अख्तियारी दिने निर्णय गरियो ।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** नभएको ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, निलकण्ठ ५, धादिङ्गबेसी, धादिङ्ग र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि लघुवित्त वित्तीय संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सकिनेछ ।

(छ) **बोनस शेयर सम्बन्धी ब्यबस्था :**

हाल सम्म बोनस शेयर जारी गरिएको छैन । भविश्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचिलित बोनस शेयर निष्काशन सम्बन्धी ब्यबस्था अनुसार बोनस शेयर जारी गर्न सकिनेछ ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिने प्रति साधारण शेयर रु.१००/–अङ्कित मूल्य (Par Value) का कुल ३,००,००० कित्ता साधारण शेयर मध्ये ४% अर्थात १२,००० कित्ता साधारण शेयरहरु लघुवित्त वित्तीय संस्थाको सेवामा रहेका कर्मचारीहरुको लागि सुरक्षित गरिएको तथा ५% अर्थात १५,००० कित्ता साधारण शेयरहरु सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामुहिक लगानी कोषहरुलाई बाँडफाँड गरिएको छ । यसरी छुट्याइएको शेयर कर्मचारीहरुको हकमा संचालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँट गर्नेछ र कर्मचारीहरुबाट सम्पूर्ण शेयरको लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

(झ) **वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

लघुवित्त वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने लघुवित्त वित्तीय संस्थाको उद्घोषण रहेको छ ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपालको प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक सङ्कलन केन्द्रका दरले न्यूनतम १० सङ्कलन केन्द्रको व्यवस्था गरी आवेदन फारम तथा विवरणपत्र वितरण तथा आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

(ट) **विवरणपत्र तयार गर्नेको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवको विवरण :**

यस विवरणपत्र तयार गर्ने ब्यबसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेकोछ ।

(ठ) **डिम्याट खातामा धितोपत्र उपलब्ध गराउने सम्बन्धी ब्यबस्था :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिद गर्न दरखास्त फाराममा डिम्याट खाता उल्लेख गरी दरखास्त दिने आवेदकहरुको हकमा शेयर बाँडफाँड पश्चात बाँडफाँडमा परेको शेयर दरखास्त फाराममा उल्लेख गरेको डिम्याट खातामा नै शेयर सूचिकरण पश्चात उपलब्ध गराउन ब्यबस्था गरिनेछ ।

(ड) **अन्य (कम्पनीको सकारात्मक पक्षहरु) :**

१) लघुवित्त क्षेत्रका अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस लघुवित्त वित्तीय संस्थाको ब्यबस्थापन सक्षम तथा प्रभावकारी भएको ।
२) सामुदायिक लघुवित्तमा आधारित आधुनिक लघुवित्त सेवा प्रदान गरेको छ ।
३) लघुवित्त वित्तीय संस्थाको कोषको लागत ५ प्रतिशत अर्थात् अन्य विकास बैंकको तुलनामा कम रहेको ।
४ स्थानीय समुदायमा बैंकले बनाएको अमिट छाप,
५) ग्रामिण क्षेत्रको बैंकिङ अनुभव,
६) छिटो छरितो सेवा एवं निर्णय दिने वातावरण,
७) आफ्नो कार्यक्षेत्रमा सबैभन्दा बढी भौगोलिक क्षेत्रको पहुँच भएको एक मात्र वित्तीय संस्था,
८) लघुवित्त वित्तीय संस्थाको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
९) नीतिगत पारदर्शिता र बलियो संस्थागत शुसासन,
१०) सामाजिक जिम्मेवारी र दायित्व

११) विभिन्न व्यापारिक, व्यवसायिक, सामाजिक संघ संस्था र सरकारी र गैरसरकारी निकायहरुको लघुवित्त वित्तीय संस्था प्रतिको विश्वास

**(ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस लघुवित्त वित्तीय संस्थाको कार्यालयबाट वा लघुवित्त वित्तीय संस्थाको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) साधारण शेयरको बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको साधारण शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन सम्म खुल्ला रहनेछ । शेयरको लागि आवेदन लिने कार्य कम्तीमा पाँच कार्यदिनको लागि खुल्ला गरिनेछ । तर प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक दरखास्त फारम तथा विवरणपत्र वितरण र दरखास्त संकलन केन्द्र रहने गरी कम्तीमा १० वटा केन्द्रको व्यबस्था गरिएकोमा कम्तीमा चार कार्यदिन खुल्ला गरिनेछ ।

**३.२३.संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री केशव प्रसाद आचार्य | अध्यक्ष | |
| २. | श्री गंगा प्रसाद उप्रेती | संचालक | |
| ३. | श्री रबिन सिजापती | संचालक | |
| ४. | श्री बरुण श्रेष्ठ | संचालक | |
| ५. | श्री राजीव गिरी | संचालक | |
| ६. | श्री नरेन्द्र प्रसाद छत्कुली | संचालक | |

३.२४.निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) को प्रति :

NIBL CAPITAL
A licensed Merchant Banker and Fund Manager from SEBON

Ref: 315\072\073

०७२।१०।०६

२०७२/१०/६

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
जावलाखेल, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

बागमती अञ्चल, धादिङ जिल्ला, निलकण्ठ गा.वि.स., वडा नं.५ धादिङबेसी, धादिङ, ठेगाना भएको नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडले सर्वसाधारणहरुका लागि जारी गर्न लागेको रु.१००/–दरको ३,००,००० (तीन लाख) कित्ता साधारण शेयरहरुको निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोबार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३ हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५ त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धि निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट

**एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड**

नाम : कविन्द्र ध्वज जोशी

पद : नायव महा–प्रबन्धक

सही :

कार्यालयको छाप : NIBL CAPITAL NIBL Capital Markets Ltd. Kathmandu, Nepal

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**
( A subsidiary of Nepal Investment Bank Limited)
P.O. Box 23224, Lazimpat, Kathmandu, Nepal
Ph: +977-1-4005080/58/68/69
Fax: +977-1-4005084
E-mail: info@niblcapital.com
Website: www.niblcapital.com

३.२५.विवरणपत्र वित्तीय विवरण तथा अन्य कुनै कुरामा बिज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

NBSM

**NBSM & Associates**
Chartered Accountants
(Independent Member of GGI Geneva Group International)

6th Floor, Block A, Four Square Complex
Narayan Chaur, Naxal, Kathmandu, Nepal.
P.O.B : 8357, Phone: 977-1-4433069, 4415242
Email: info@nbsm.com.np, URL: www.nbsm.com.np

फागुन २३, २०७२

श्री संचालक समिति,

नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

नीलकण्ठ, धादिङ

विषय : प्रक्षेपित वित्तीय विविरणको प्रतिवेदन

महोदय,

यहाँको अनुरोधमा हामीले नेपाल कम्युनिटी डेभलपमेण्ट बैंक लिमिटेडको आ.ब. २०७२/७३, २०७३/७४ र २०७४/७५ को प्रक्षेपित वित्तीय विवरणको पुनरावोलकन (Review) गरेका छौं । यस प्रतिवेदन, हाम्रो बुझाईमा, नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडले सर्वसाधरणको लागी शेयर निष्कासनको निमित्त विवरण पत्र (Prospectus) तयार पार्न प्रस्तुत गर्नेछ । संलग्न प्रक्षेपित वितीय विवरण निम्न कुराहरुमा आधार रहेको जानाकारी गराईन्छ :

१. बैंकको आर्थिक बर्ष २०६९/७०, २०७०/७१ र २०७१/७२, लेखापरिक्षण भएको वित्तीय विवरणहरु तथा आ.ब. २०७२/७३ को पौषमसान्त सम्मको लेखापरिक्षण पुर्वको वित्तीय विवरणहरु,

२. हामीलाई जानकारी गराईएको तथा हामीले जानकारी लिएको आवश्यक सुचनाहरु,

३. बैंकले अवलम्बन गरेको लेखा नीतिहरु, र

४. अनुसूची "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु) ।

उपरोक्त प्रक्षेपण विगत बर्षहरुको वास्तविक आँकडा तथा आउँदो बर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापनले तयार पारेको हो र हामीले उक्त प्रक्षेपित विवरण अनुसूची "क" मा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम तयार पारिएको छ भनि प्रमाणिकरण मात्र गरेका हौं ।

सि.ए. निम बहादुर थारु मगर
पार्टनर

NBSM & Associates * Kathmandu Nepal * Chartered Accountants

एन.बि.एस.एम. एण्ड एसोसियट्स
चार्टड एकाउन्टेनट्स

मिति : २०७२/११/२३
स्थान : काठमाडौं ।

## नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

नीलकण्ठ, धादिङ

अनुसूची - क

**वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :**

१. कर्जा तथा सापट:

संस्थाको आ.व. २०७०।७१ को आषाढ मासन्तबाट आ.व. २०७१।७२ को आशाढ मसान्त सम्ममा असल कर्जामा करिब ७५५ प्रतिशतको वृद्धि भएको तथा संस्थाको आ.व. २०७२।७३ को पौष मसान्तसम्ममा करिब १३३ प्रतिशतको वृद्धि भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७२।७३, २०७३।७४ र २०७४।७५ मा क्रमस ३९, ३९ र २९ प्रतिशतले कुल कर्जा वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस १७.००, १७.०० र १७.०० प्रतिशत हुने अनुमान गरिएको छ ।

कर्जा तथा सापट को निक्षेप र प्राथमिक पुंजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरीएको छ । जस अनुरुप आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस ८४, ९० र ९२ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि कूल कर्जा तथा सापटको क्रमस २.०८, १.८५ र १.७३ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

२. निक्षेप:

संस्थाको आ.व. २०७०।७१ को आषाढ मासन्तबाट आ.ब. २०७१।७२ को आसाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग ३९३४ प्रतिसतको वृद्धि भएको तथा संस्थाको आ.ब. २०७२।७३ को पौषसम्ममा प्रतिशतले २२६ वृद्धि भएको तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ मा क्रमस ८०, ४० र ४० प्रतिशतले कूल निक्षेप वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत ब्याजदर आ.ब. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस ७.००, ७.०० र ७.०० प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

३. तरलता:

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस १२.२४, ११.२४ र १०.८० कायम हुने गरी लगानी प्रक्षेपण गरीएका छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस ७.२०, ५.०६ र ५.१७ कायम हुने गरी लगानी प्रक्षेपण गरीएका छ ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्याइएको छ ।

NBSM & Associates
Nepal
Chartered Accountants

५. आउंदो वर्षहरुको लागी बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ ।

६. गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

७. पूजि प्रयाप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनूपात अनूरुप रहने गरी प्रक्षेपण गरीएको छ । जस अनुरुप पूजिकोषको अनूपात आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस १७।६६, २४।६९ र ३२।७७ प्रतिशत र प्राथमिक पूजिको अनूपात आ.व. २०७२।७३, २०७३।७४ र २०७४।७५ को लागि क्रमस १६।७२, २३।७३ र ३१।८० प्रतिशत हूनेगरि प्रक्षेपण गरिएको छ ।

प्रमाणित गर्ने :

सि.ए. [illegible] कुमार

पार्टनर

एन.बि. एस.एम. एण्ड एसोसियट्स

चार्टर्ड एकाउन्टेन्ट्स